आ.व. २०८२।०८३
वैठक:- नगर कार्यपालिका वैठक
अध्यक्षता:- नगर प्रमुख **सन्तोष लाल श्रेष्ठ**

वैठक नं ०८।०८२।०८३
मिति:-२०८२।११।२८ गते
स्थान:- ता.न.पा मिनिहल
समय:- दिनको १२.३० बजे

तानसेन नगर कार्यपालिकाको वैठक तानसेन नगरपालिकाका नगर प्रमुख **श्री सन्तोष लाल श्रेष्ठ** ज्युको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

## उपस्थिति

| उपस्थिति | नाम थर | पद | ठेगाना | कार्यपालिका |
|---|---|---|---|---|
| | श्री सन्तोषलाल श्रेष्ठ | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष |
| | श्री प्रतिक्षा सिंजाली | नगर उपप्रमुख | ता.न.पा. ४ | सदस्य |
| | श्री यादव सिंह कार्की | वडा अध्यक्ष (प्रवक्ता) | ता.न.पा.११ | सदस्य |
| | श्री सुनिल कुमार वस्याल | वडा अध्यक्ष | ता.न.पा. १ | सदस्य |
| | श्री महेश्वर श्रेष्ठ | वडा अध्यक्ष | ता.न.पा २ | सदस्य |
| | श्री वावुरत्न शाक्य | वडा अध्यक्ष | ता.न.पा ३ | सदस्य |
| | श्री हेमन्तराज शाक्य | वडा अध्यक्ष | ता.न.पा. ४ | सदस्य |
| | श्री राम बहादुर रावल | वडा अध्यक्ष | ता.न.पा ५ | सदस्य |
| | श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा.६ | सदस्य |
| | श्री प्रदिप खनाल | वडा अध्यक्ष | ता.न.पा ७ | सदस्य |
| | श्री सोमनाथ अर्याल | वडा अध्यक्ष | ता.न.पा.८ | सदस्य |
| | श्री राजेश कुमार अर्याल | वडा अध्यक्ष | ता.न.पा.९ | सदस्य |
| | श्री हिमलाल पंगेनी | वडा अध्यक्ष | ता.न.पा.१० | सदस्य |

CS CamScanner

| | | | | |
|---|---|---|---|---|
| | श्री मेजर सिंह केसी | वडा अध्यक्ष | ता.न.पा.१२ | सदस्य |
| | श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१३ | सदस्य |
| | श्री शोभाकर भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१४ | सदस्य |
| | श्री लक्ष्मी नेपाल | कार्यपालिका सदस्य | ता.न.पा. १ | सदस्य |
| | श्री मन्जु वि.क | कार्यपालिका सदस्य | ता.न.पा. १ | सदस्य |
| | श्री सविता भट्टराई | कार्यपालिका सदस्य | ता.न.पा. २ | सदस्य |
| | श्री पुजा रावल | कार्यपालिका सदस्य | ता.न.पा. ५ | सदस्य |
| – | श्री लक्ष्मी विश्वकर्मा | कार्यपालिका सदस्य | ता.न.पा. ५ | सदस्य |
| | श्री दिनेश गन्धर्व | कार्यपालिका सदस्य | ता.न.पा. ६ | सदस्य |
| | श्री संजय घले | कार्यपालिका सदस्य | ता.न.पा. ४ | सदस्य |
| – | श्री अनु रामदाम | कार्यपालिका सदस्य | ता.न.पा. १० | सदस्य |
| | श्री चेतनाथ गिरी | प्रमुख प्रशासकीय अधिकृत | ता.न.पा.का | सचिव |

**निर्णय नं. १**

तानसेन नगर कार्यपालिकाको मिति २०८२।१०।१४ गतेको बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको समीक्षा गरियो ।

**निर्णय नं. २**

नगर दिवसको अवसरमा तानसेन नगरपालिकाबाट मिति २०८२।११।१५ गते सार्वजनिक विदा दिइएकोमा सो को अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

जाइलम कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. ले "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र पाउं भनी आवश्यक कागजात सहित यस कार्यालयमा निवेदन पेश गरेकोमा तानसेन नगरपालिका "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धि कार्यविधि २०७४ को अनूसुची ५ वमोजिमको आवश्यक योग्यता भएको चेक जाँच गरी तानसेन नगरपालिका "घ" वर्गको निर्माण व्यवसायी इंजाजत पत्र सिफारिस समितिबाट सिफारिस भई आएकोले तपसिल बमोजिमको फर्मलाई "घ" वर्गको निर्माण व्यवसायी ईजाजत प्रदान गर्ने निर्णय गरियो ।

फर्मको नामः जाइलम कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.

फर्मको ठेगानाः ता.न.पा. वडा नं. ८, पाल्पा

प्रोपराईटरः मुकेश कुमार वौडेल

प्रोपराईटरको ठेगानाः तानसेन नगरपालिका वडा नं. ८ नयाँपाटी पाल्पा

**निर्णय नं. ४**

तानसेन नगरपालिका वडा नं. ९ मा मिति २०८२ चैत्र ७ गते सञ्चालन हुने कृषि मेला पर्यटन प्रदर्शनीको लागि नगरपालिकाको चालु आ.व.को नगर विकास योजनाको **क्र.श. १२६ मेला महोत्सव व्यवसायिक कार्यक्रम** शिर्षकबाट रकम रु.१०००००।- (अक्षेरुपी एक लाख रुपैया मात्र ।) प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

तानसेन नगरपालिका वडा नं. १३ रानीमहल र वडा नं. ६ बसपार्कको हाइमास्ट जडान व्यवस्थापन गरिएकोमा उक्त वत्तिको वील बमोजिमको विद्युत महसुल शुल्क भुक्तानी दिने निर्णय गरियो । साथै ता.न.पा. वडा नं. ५ खल्लुकबोट खानेपानी आयोजनाको भुक्तानी हुन बाँकी विद्युत महशुलको वील वमोजिमको रकम सोही आयोजनाको **कन्टेन्जेन्सीवाट** भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ६**

पाल्पा जिल्ला अदालतको परिसर र वरपरको क्षेत्रमा सुरक्षा व्यवस्था दुरुस्त र प्रभावकारी वनाउनको लागि सीसी क्यामेराको आवस्यक रहेको भनि पाल्पा जिल्ला अदालतवाट मिति २०८२।११।२८ च.नं. २०३४ को पत्र प्राप्त भएकोले अदालतको परिसर र वरपरको क्षेत्रमा सुरक्षा व्यवस्थापनको लागि नगर विकास योजनाको क्र.स १४९ **सूचना तथा प्रविधि कार्यक्रम शिर्षकबाट** बढिमा रु.५०,०००।- (अक्षेरुपी पचासहजार मात्र ।) उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ७**

तानसेन नगरपालिका राजश्व परामर्श समितिवाट सिफारिस भई आएको नदिजन्य पदार्थहरुको देहाय वमोजिम गर्ने निर्णय गरियो ।

क) मिति २०८२/०९/२२ मा यस कार्यालयमा निवेदन पेश गर्ने ठेकेदार कम्पनी राजेश्वरी रमणीय आर एण्ड जे.भी. ले तानसेन नगरपालिका वडा नम्बर १४ अर्गली क्षेत्र र स्याङ्गजा जिल्ला, कालीगण्डकी गा.पा. च्युरीबोट घाट जोड्ने कालीगण्डकी नदी माथी बन्दै गरेको मोटरेबल पक्की पुलको पिल्लर

देवनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

CamScanner

निर्माण गर्ने क्रममा जग खन्दा एवम् सोको लागि आवश्यक अस्थायी डाइभर्सन बनाउदा निस्किने नदीजन्य पदार्थलाई प्रशोधनको लागि आवश्यक पर्ने अस्थायी प्लाण्ट जडान सम्बन्धमा अनुमती प्रदान गर्न तथा उक्त काम गर्दा संकलन हुने नदीजन्य पदार्थ सबै सोही पुल निर्माण परियोजनामा प्रयोग नहुने भएकोले निवेदक ठेकेदार कम्पनी राजेश्वरी रमणीय आर एण्ड जे.भी.ले नै जिम्मा लिई गरिरहेको लुम्बिनी प्रदेश सरकारको गौरव योजना रामपुर कपुरकोट सडक स्तरोन्नती अन्तरगतको हार्थोक छहरा सेक्सनमा प्रयोग गर्न पाऊँ भनी दिएको निवदन एवम् सोही विषयमा मिति २०८२/०९/२२ मा आवश्यक सहयोगका निम्ति लुम्बिनी प्रदेश, भौतिक पुर्वाधार विकास मन्त्रालय, यातायात पूर्वाधार निर्देशनालय बुटवलबाट समेत सिफारिस भई आएकोले उक्त निवेदन उपर स्थलगत बुझ्न यस ता.न.पा.बाट २०८२ माघको दोश्रो हप्ता जनप्रतिनिधि तथा प्राविधिकको संयुक्त टोलीले जाँचबुझ गर्दा निवेदकको माग जायज र उपयुक्त देखिएको र ता.न.पा.को प्राविधिक नापजाँच प्रतिवेदन बमोजिम प्रदेश सरकारबाट तोकीएको दररेटमा नघट्नेगरी करिव ८३३४७२० घनफुट नदीजन्य पदार्थ उक्त स्थानबाट हार्थोक छहरा सेक्सन सम्म ढुवानी गर्न कानून बमोजिमको रोयल्टी बुझाई दिन सकिने देखिएकोले आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

ख) तानसेन नगरपालिका वडा नम्बर १३ र १४ स्थित कालीगण्डकी छेउका विभिन्न घाटहरुबाट नदीजन्य पदार्थ उत्खनन्, संकलन र वितरण गर्ने सम्बन्धमा बोलपत्र तथा शिलबन्दी दरभाउ पत्र गर्ने विषयमा २०८२ पुष र माघ महिनामा पहिलो र दोश्रो सूचना प्रकाशन गर्दा समेत हालसम्म तानसेन नगरपालिका वडा नं. १४ को कालीगण्डकी नदीको दुमैघाट, र ता.न.पा. १४ कै कालीगण्डकी नदीको गुफा बगरमा मात्र ठेक्का लागि हाल सम्झौता प्रकृयाको चरणमा रहेको र बाँकी रहेका निम्न घाटहरुमा पुन: ठेक्का लगाउन आवश्यक देखिएकोले पुन: तेस्रो पटक सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

- कालीगण्डकी नदीको सिदुर्दी घाट, ता.न.पा. १३
- कालीगण्डकी नदीको बेलघारी घाट, ता.न.पा. १३
- कालीगण्डकी नदीको छतिवन बगर, ता.न.पा १४
- कालीगण्डकी नदीको अर्तुङ्गा बगर, ता.न.पा. १४

**निर्णय नं. ८**

स्थानीय शासन कार्यसम्पादन मूल्यांकन प्रणाली (LGPAS) बारे बैठकमा जानकारी भयो । यसै सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.२९४, मिति २०८२।११।१९ को पत्रको सम्बन्धमा तत्काल कार्य अगाडि बढाउन र अभिमुखीकरण कार्यक्रमको आयोजना गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशक समितिबाट सिफारिस भई आएको रोजगार प्रवर्द्धन कार्यक्रमको योजना तथा बजेट स्वीकृत गरी कार्य प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. १०**

तानसेन नगर कार्यपालिकाको कार्यालयमा कार्यरत श्रेणीविहिन (दोश्रो) सरसफाई कर्मचारी श्री दिल कुमारी दमाई हाल अवकास हुनु भएकोमा निजको सेवा सुविधा सम्बन्धमा आवश्यक अध्ययन गरी प्रतिवेदन पेश गर्न देहाय बमोजिम एक कार्यदल गठन गरी आवश्यक अध्ययन गरी प्रतिवेदन पेश गर्न लगाउने र उक्त कार्यदलको प्रतिवेदनको आधारमा आवश्यक कार्यवाही अगाडी बढाउने निर्णय गरियो । साथै नगर कार्यपालिकाको कार्यालय अन्तर्गत कार्यरत स्थायी करार तथा अन्य कर्मचारीहरुको पारिश्रमिक,

चेतनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

CamScanner

सेवा सुविधा सम्वन्धमा पनि आवश्यक अध्ययन गरी प्रतिवेदन पेश गर्नको लागि सोही समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

तपसिल

श्री राम बहादुर रावल शुसासन तथा संस्थागत क्षमता विकास समिति संयोजक संयोजक

श्री कृष्ण प्रसाद ज्ञवाली लेखा अधिकृत आ.प्र.शा सदस्य

श्री भरत प्रसाद आचार्य प्रशासकीय अधिकृत सा.प्र.शा सदस्य

निर्णय नं. ११

यस नगरपालिकाको सामाजिक, आर्थिक तथा संस्थागत विकासको लागि देहायका महत्वपूर्ण कार्यहरु गर्नु पर्ने अवस्था रहेकोले आवश्यक सहयोगको लागि द एशिया फाउण्डेशनलाई अनुरोध गर्ने निर्णय गरियो ।

देहाय :

| सि.नं. | विवरण |
|---|---|
| १ | आयोजना बैंक (Project Bank) तयारी |
| २ | नगर प्रोफाइल अद्यावधिक (Updating of Municipal Profile) |
| ३ | विस्तृत योजना तथा आवधिक योजना अद्यावधिक (Updating of Comprehensive and Periodic plan) |
| ४ | जलवायु नीति, विपद नीति तथा कोष संचालन कार्यविधि |

निर्णय नं. १२

तानसेन नगरपालिकाको चालु आ.व.को हालसम्मको आय रु. ६२९१५२५३१ व्यय रु.४३६७६५७५० विवरण वैठकमा पेश भएकोमा स्वीकृत गरी सार्वजनिक गर्ने निर्णय गरियो ।

निर्णय नं. १३

तानसेन नगरपालिकाको नगरस्तरीय अनुगमन समितिबाट पेश भएको प्रतिवेदन माथि छलफल गरियो । पेश भएको प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. १४

कार्यालयवाट हुने दैनिक सेवा तथा परामर्शलाई टोल वस्तीमा विस्तार गरी जनताको घरघरमा सहज र सरल सेवा प्रवाहका लागि घुम्ति शिविर तथा उपभोक्ताहरुको लागि तालिम अभिमुखिकरण कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. १५

तानसेन नगरपालिकाद्वारा दोस्रो चौमासिकको सार्वजनिक सुनुवाई ता.न.पा. वडा नं. ६ ७ रहेको कुन्सरे स्थित दुर्गा मन्दिर प्राङ्गणमा मिति २०८२ चैत्र २० गते भित्र दिनको १.०० बजे सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. १६

तानसेन नगरपालिका वडा नं. २/३ मा संचालन गरिएको देहायका कार्यक्रमको तोकिएको रकम प्राप्त बिल भपाईका आधारमा भुक्तानी गर्ने निर्णय गरियो ।

क) तीज गीत कार्यक्रम वडा नं.२ रु.६०,०००।

ख) जात्रा पर्व प्रवर्द्धन वडा नं.२ रु.४५०००।

ग) यमरी महोत्सव (मैत्री क्लव) वडा नं.३ रु.५००००।

[illegible]नाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

निर्णय नं. १७

तानसेन नगरपालिकामा कार्यरत कृषि स्नातक प्राविधिक तथा पशु चिकित्सक कर्मचारीको लागि प्राप्त प्रशासनिक खर्च (पारिश्रमिक) नपुग भएकोले सम्बन्धित मन्त्रालयमा माग गर्ने र कारणवस रकम निकासा नभएको अवस्थामा नगरपालिकाको प्रशासनिक खर्च करार सेवा खर्च शिर्षक तर्फबाट रु.७७,९५७ का दरले २ जनाको नपुग रकम रु. १,५५,९१४। पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १८

तानसेन नगरपालिका वडा नं. ३ स्थित तानसेन तम्घास सडकमा पर्ने सार्वजनिक शौचालयको पुरानो संरचना भत्काई पून निर्माण गर्नुपर्ने भएकोले श्रोत सुनिश्चितता गरी निर्माण कार्य अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. १९

तानसेन नगरपालिकावाट महिला जनप्रतिनिधी र कर्मचारीहरु यहि मिति २०८२ साल फाल्गुण २९ गते नेपालको सुदुर पश्चिम प्रदेशमा रहेका केही पालिकाहरुमा अन्तरक्रिया र अध्ययन अवलोकन गर्ने कार्यक्रम रहेकोले उक्त कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. २०

तानसेन नगरपालिकामा आबस्यक पर्ने देहाय वमोजिमका कार्यालय सहयोगी, माली र विद्युत कर्मचारी सेवा करारमा नियुक्ति गर्नका लागि विज्ञापन गर्ने निर्णय गरियो ।

क कार्यालय सहयोगी श्रेणीविहिन ४
ख माली ,, १
ग विद्युत (ईलेक्ट्रिसीयन) ,, २

निर्णय नं. २१

तानसेन नगरपालिकाको राजश्व परामर्श समितिवाट विभिन्न मितिमा भएका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. २२

तानसेन नगरपालिकावाट आ.व. २०८३।०८४ को लागि प्रदेश सरकार तर्फ समपुरक तर्फ देहायका आयोजनाहरु प्रस्ताव गरी पठाउने निर्णय गरियो ।

| प्राथमिकता नं | योजना वा कार्यक्रमको नाम | वडा नं. | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | गोर्खेकोट सातलखोला टिमुरे वगनासकाली सिमाना मो.वा. स्तरोन्नती | १ | २,००,००,०००। | नयाँ |
| २ | बौघागुम्हा छेर्लुङ्ग सडक स्तरोन्नती | १३ | ३,७३,२३,३१५।६२ | नयाँ |
| ३ | पिपलटारी देवीस्थान ठाटी सिर्सिरे शितलादेवी तिलबारी चुच्चेबारी रिङ्गरोड कृषिसडक मो.बा.स्तरोन्नती | ७ | २,००,००,०००।०० | नयाँ |

निर्णय नं. २३

तानसेन पर्यटन बोर्डको अग्रसरतामा तयार हुन लागेको पर्यटन नीति -२०८३ को मस्यौदा लेखनका लागि हाल सम्म भएका विभिन्न चरणका छलफल तथा अन्तरक्रियाबाट प्राप्त सुझाव, प्रतिक्रिया तथा पृष्ठपोषणहरुलाई समेट्दै तयार भएको मस्यौदालाई अन्तिम रुप दिन नीति निर्माण(लेखन) कार्यमा ज्ञान

सीतानाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

तथा अनुभव भएको व्यक्तिबाट परामर्शदाता (विज्ञ) को सेवा आवश्यकता भएकोले सो का लागि नेपाल सरकारका पुर्व सहसचिव श्री खडानन्द ढकाल (प्रतिक ढकाल) छनौट गर्ने एवम् उक्त विज्ञलाई आवश्यक राय सुझाव दिनको लागि तानसेन नगरपालिका पर्यटन बोर्डको तर्फबाट बोर्ड सदस्यद्वय श्री पदमराज न्यौपाने र श्री जयन्त भुषाल एवम् वरिष्ठ प्रशासकीय अधिकृत विष्णु पौडेल सहितको सहजिकरण समिति गठन गर्ने साथै निज विज्ञको सहयोगमा तयार गरिने पर्यटन नीति २०८२ को अन्तिम मस्यौदा २०८२ चैत १५ गते भित्र तयार गरी नगरपालिकामा पेश गर्ने साथै विज्ञको परामर्श सेवा तथा अन्य सहजीकरण खर्च बापत TOR तयार गरी बढीमा एकमुष्ठ रु ७५०००।०० (अक्षरेपी पचहत्तर हजार मात्र) (कर समेत) पारिश्रमिक उपलब्ध गराउने गरी आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. २४**

भारतमा प्रशिद्ध धार्मिक गुरुका रुपमा लोकप्रीय एवम् अक्षरधामका संस्थापक श्री स्वामीनारायणले नेपालको मुक्तीनाथ क्षेत्रमा गई ध्यान साधना गरी सिद्धी प्राप्त गरेको र भारतबाट मुक्तिनाथ क्षेत्र आउँदा र जाँदा प्रयोग गरेको पदमार्ग तानसेन क्षेत्र हुँदै गएको भन्ने जनविश्वास एवम् तानसेनको अमरनारायण मन्दिर स्थापनाको प्रसंग श्री स्वामीनारायणसँग जोडिएको र उक्त जनविश्वासलाई खोज अनुसन्धानको माध्यमबाट पुष्टी तथा प्रमाणिकता दिने र धार्मिक पर्यटनको प्रवर्द्धन गर्ने हेतुले एकदिने स्वामीनारायणको पदमार्ग र तानसेनको सम्वन्ध विषयक विचार गोष्ठीमा कार्यपत्र प्रस्तुतिको लागि एकजना प्रस्तोतालाई कार्यपत्र र प्रस्तुतीकरण बापत रु १०,०००। (कर समेत) र बढीमा २ जना टिप्पणीकारलाई प्रतिव्यक्ति १,०००। दिने गरि कार्यक्रम आयोजना गर्ने निर्णय गरियो ।

**निर्णय नं. २५**

पर्यटकीय नगरी तानसेनलाई विवाह गन्तव्य (Destination Wedding) रुपमा स्थापित गरि तानसेनको पर्यटन विकासमा नयाँ आयाम थप गर्ने सम्भावनाको विषयमा सिद्धार्थ होटल एशोसियसन अफ नेपाल (SHAN) सँगको सहकार्यमा एवम् पाल्पा होटल एशोसियसन अफ नेपाल (PHAN) को समन्वयमा २०८२ चैत्र १ गते आईतबार दिउँसो १ बजे छलफल तथा अन्तरक्रिया आयोजना गर्ने निर्णय गरियो ।

**निर्णय नं. २६**

तानसेन नगरपालिका वडा नं. १० स्थित डुम्रे सुनडाँडा, तेल्घा, गुफाचौर, होलाङ्गदी सडक सुधार योजनाको म्याद 4 FEB 2026 मा समाप्त भएकोले समाप्त भएको मिति २८ दिन (4 March 2026) सम्म म्याद थप गर्नेगरी नगर प्रमुखबाट कार्यपालिकाबाट अनुमोदन हुनेगरी स्वीकृत भएको आयोजनाको (4 March 2026) सम्मको म्याद थप अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २७**

तानसेन नगरपालिका र UNOPS को लागत साझेदारीमा ता.न.पा वडा नं. ७ स्थित प्रभास कमलपोखरी क्षेत्रको Construction & Beautification Works at Kamalpokhari र ता.न.पा वडा नं. ४ स्थित मखन टोलमा निर्माणाधिन तेर्सो सडक सौन्दर्यकरण कार्य (Construction & Beautification Works at Te.so Sadak Ward 4) को संशोधित नक्सा तथा डिजाईन र स्टिमेट स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २८**

तानसेन नगरपालिकाको प्रशासकीय कार्यविधि (खर्च मापदण्ड नियमित गर्ने नियमावली), २०८१ को परिच्छेद ६ को नियम २२ (३) सँग सम्बन्धित अनुसूची ३ को बुँदा नं. (ङ) मा तपसिलका विषयहरु संशोधन गर्ने निर्णय गरियो ।

चेतनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

CamScanner

तानसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालय तानसेन, पाल्पा लुम्बिनी प्रदेश, नेपाल २०७४

तपसिल :

| क्र.सं. | विषयक्षेत्र | साविकमा भएको व्यवस्था | संशोधन गरिएको व्यवस्था | कैफियत |
|---|---|---|---|---|
| १ | परीक्षा केन्द्राध्यक्ष | रु ५००। | रु ८००। | तानसेन नगरपालिकामा यस अगाडि सञ्चालन भएका परीक्षामा दिइएको पारिश्रमिकमा नघट्ने गरी कायम गरिएको । |
| २ | सहायक केन्द्राध्यक्ष | रु ४००। | रु ७००। | |
| ३ | परीक्षा निरीक्षक | रु ३००। | रु ६००। | |
| ४ | सहायक कर्मचारी | रु १००। | रु २००। | |
| ५ | परीक्षा मसलन्द प्रतिकेन्द्र | | | परिक्षाकेन्द्रमा मुचुल्का शिलवन्दी, चिया,नास्ता, कोरा कपडा, खाम, व्यवस्थापकीय कार्य लगायतका काम गर्नुपर्ने भएकोमा |
| | १०१ जना भन्दा वढी विद्यार्थी भएमा | नभएको | रु ५०००। (एकमुस्ट) | |
| | ५१ देखि १०० जना सम्म | नभएको | रु ४०००। (एकमुस्ट) | |
| | ५० भन्दा कम विद्यार्थी | नभएको | रु ३०००। (एकमुस्ट) | |
| ६ | प्रश्नपत्र र उत्तरपुस्तिका ढुवानी खर्च (एकमुस्ट) | | | |
| | १० कि.मि. वा सो भन्दा वढी | नभएको | रु २०००। (एकमुस्ट) | केन्द्राध्यक्षले नगरपालिका कार्यालय भन्दा टाढाको क्षेत्रमा परीक्षा सचालन गर्दा प्रश्नपत्र र उत्तरपुस्तिका दैनिकरुपमा लाने ल्याउने लगायतका कार्य गर्नुपर्ने भएकोले ढुवानी खर्च उपलब्ध गराउन आवस्यक भएको । |
| | ५ देखि १० कि.मि. | नभएको | रु १०००। (एकमुस्ट) | |

चेतनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख